आज मिति २०८१ साल कात्तिक महिनाको २६ गते विहान ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १६६ औ नियमित वैठक । दोश्रो पदाधिकारीको चालिसौ वैठक । गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल वमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**म्याग्दे गाउँकार्यपालिकाको १६६औ वैठक मिति २०८१।०७।२६ का प्रस्तावीत ४१ ऐजेण्डाहरु**

०१, प्रथम चौमासीक सार्वजनीक सुनुवाई, स्थान र मिति तय सम्वन्धमा ।
०२, औषधी खरिद ठेक्का सूचना तथा आगामी खरिद व्यवस्थापन सम्वन्धमा ।
०३, लागत साझेदारी योजना स्वीकृत, साझेदारी रकम दाखीलाको लागी सूचना प्रकाशन सम्वन्धमा ।
०४, IEE को प्रारम्भीक प्रतिवेदन छलफल र स्वीकृत सम्वन्धमा ।
०५, राजश्व परामर्श समिति ( ०८१।०७।२५ ) को सिफारिस कार्यान्वयन सम्वन्धमा ।
०६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन जानकारी तथा कार्यान्वयन सम्वन्धमा ।
०७, आगामी गाउँसभाको मिति तय सम्वन्धमा ।
०८, सामाजिक परिक्षणको प्रारम्भीक प्रतिवेदन छलफल र स्वीकृत सम्वन्धमा ।
०९, आन्तरीक आय ठेक्का व्यवस्थापन सम्वन्धमा ।
१०, थर्पु अस्पताल उद्घाटनको मिति तय सम्वन्धमा । ११, सवारी साधन खरिद सम्वन्धमा ।
१२, निकाशी कर (वातावरण प्रदुषण कर) संकलनको लागी जनशक्ती व्यवस्थापन सम्वन्धमा ।
१३, ताकेता सम्वन्धमा । ( सडक निर्माण उत्खनन् जरीवना रानीटारी सडक )
१४, विभिन्न योजनाको लागत अनुमान स्वीकृत र ठेक्का प्रकाशन सम्वन्धमा ।
१५, आन्तरीक आय जरीवना असुली तथा ताकेता सम्वन्धमा ।
१६, लिलाम विकी सम्वन्धमा अदालतको फैसला र वाकी कार्यान्वयन सम्वन्धमा ।
१७, लिजा र एफ .आर. ए. को ( ०८०।०८१ को ) प्रतिवेदन तयारी सम्वन्धमा ।
१८, विज्ञापन कर सम्वन्धी पुर्व प्रकाशित सूचना तथा आगामी कर व्यवस्थापन सम्वन्धमा ।
१९, नियमीत रुपमा विद्यालय अनुगमन कार्यतालिका तथा जिम्मेवारी सम्वन्धमा ।
२०, गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम जैवीक कृषि विकाशका लागी मल उत्पादन र बजारीकरण परियोजना कार्यक्रम कार्यन्वयन कार्ययोजना स्वीकृत सम्वन्धमा ।
२१, मेड्पा कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा विगतका कर्मचारीको करार नविकरण सम्वन्धमा ।
२२, विशेष अनुदान ( विउविजन अध्यन केन्द्र स्थापना ) योजना कार्यान्वयन सम्वन्धमा ।
२३, तालिम तथा क्षमता विकाश कार्यक्रम सम्वन्धमा ।
२४, निजी जग्गा उत्खनन् व्यवस्थापन को लागी प्राप्त भएका निवेदन स्वीकृत सम्वन्धमा ।
२५, पशुसेवा, भेटनरी अस्पताल भवन निर्माण जग्गा व्यवस्थापन सम्वन्धमा ।
२६, अति आवश्यक रहेका जग्गा भोगाधिकार को लागी जिल्ला सभामा सिफारिस गर्ने सम्वन्धमा ।
२७, दन्त शिविर सञ्चालन सम्वन्धमा । २८, तपशिल बमोजिमका कार्यविधि स्वीकृत सम्वन्धमा ।
२९, सुर्य नेपाल प्रा.लि.सग अनुरोध गर्ने सम्वन्धमा ।३०, वक्स व्रिज (पुल) निर्माण ठेक्का सम्वन्धमा ।
३१, सडक वोर्डका नया योजना तथा पुरानो भुक्तानी सम्वन्धमा ।
३२, तनहुं हाइड्रोपावर को पत्र तथा पैदल पहुचमार्ग निर्माण सम्वन्धमा ।
३३, हिउँदे जै घास वितरण सम्वन्धमा । ३४, ठेक्का म्याद थप सम्वन्धमा । ३५, योजना फरफारक
३६, तोकआदेश टिप्पणी कार्यदेश र खर्च अनुमोदन सम्वन्धमा । ३७, स्थानीय गान छायाङ्न
३८, लागत अनुमान स्वीकृत सम्वन्धमा । ३९, जग्गा रोक्का सम्वन्धमा ।
४०, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा । ४१, विविध विषय सम्वन्धमा ।

Scanned with CamScanner

**मिति २०८१।०७।२६ को १६६ औ गाउँ कार्यपालिका वैठकका निर्णयहरु**
**निर्णय न. १६६/२०८१।०८२– ०१,**

आर्थिक वर्ष २०८१।०८२ को प्रथम चौमासीक सार्वजनीक सुनुवाई तेश्रो पक्ष समेतको सहभागीतामा तपशिल वमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न | स्थान | मिति | समय |
|---|---|---|---|
| ०१ | वडा न. २ जामुने ( वडा न. १,२, ३ र गा.पा. सहितको सहभागीतामा ) | २०८१।०८।०७ | विहान ११ वजे |

**निर्णय न. १६६/२०८१।०८२– ०२,**

आर्थिक वर्ष ०८१।०८२ को शर्शत वजेट वाट खर्च दायीत्व वहन गर्ने गरी औषधी खरिदको लागी कार्यालय वाट प्रथम पटक सूचना प्रकाशन गर्दा १ मात्र सिलवन्दी दरभाउपत्र पर्न आएको र पुन दोश्रो पटक प्रकाशित सूचना अनुसार १ वटा वोलपत्र पर्न आएको तर कानुन अनुसार ग्राहय हुने भएको हुदा सो लाई स्वीकृत गर्ने साथै आगामी दिनमा वाकी रहेको शर्शत वजेट वाट आवश्यक्ता अनुसार कोटेशन लिएर सोझै औषधी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय न. १६६/२०८१।०८२– ०३,**

प्रकाशित सूचना तथा प्राप्त हुन आएका निवेदन समेतको आधारमा खानेपानी, सिचाइ, कृषि , सडक, विद्यालय भवन तर्फ तपशिल वमोजिमका २८ वटा योजनाको हकमा रकम सहित लागत साझेदारी योजनाहरु स्वीकृत सगै साझेदारी रकम जम्मा गर्नको लागी २०८१।०८।३० सम्म १ महिनाको समय दिई सूचना प्रकाशन गर्ने । सो वाहेक अन्य २४ वटा भवन संरचनाको हकमा लालपुर्जा माग गर्नेगरी यथाशिघ्र सूचना प्रकाशन सगै प्राप्त हुने लालपुर्जाको आधारमा आगामी वैठको निर्णय अनुसार रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल खानेपानी, सिचाई, कृषि, सडक, र विद्यालय भवन तर्फका योजनहरु**

Scanned with CamScanner

| क्र.सं | आयोजनाको किसिम | आयोजाको नाम र आयोजनाको स्थल (वडा नं. र टोल) | कुल लागत रकम | लक्ष्य | एकाई | एकाई लागत सहभागिता | | | | कार्य हुने मिति | | आयोजना संचालन प्रक्रिया | लाभान्वित वर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कुल रकम | गा.पा | उपभोक्ता समिति | जम्मा | शुरु | सम्पन्न | | महिला | पुरुष |
| १ | खानेपानी | मानुङ्ग लिफ्टिङ्ग खानेपानी मुहान मर्मत, म्याग्दे १ | २००००० | | | २००००० | १४०००० | ६०००० | २००००० | | | | | |
| २ | खानेपानी | तल्लो अमरेकुना खानेपानी, म्याग्दे १ | ३००००० | | | ३००००० | २१०००० | ९०००० | ३००००० | | | | | |
| ३ | सडक | चण्डीदेवी पर्यटकीय मोटर मार्ग, म्याग्दे १ | ४००००० | | | ४००००० | २००००० | २००००० | ४००००० | | | | | |
| ४ | कृषि | खुशी पशुपन्छी तथा कृषि फर्म, म्याग्दे १ | ३००००० | | | ३००००० | १८०००० | १२०००० | ३००००० | | | | | |
| | वडा नं.१ कुल जम्मा रकम | | १२००००० | ० | ० | १२००००० | ७३०००० | ४७०००० | १२००००० | | | | | |
| १ | कृषि | वहपुर ठूलो पोखरी सुन्तला तथा पशु फर्म, म्याग्दे २ | ५००००० | | | ५००००० | ३००००० | २००००० | ५००००० | | | | | |
| २ | सिचाइ | रंगटे खोला वडहरे बाँध निर्माण,म्याग्दे २ | २००००० | | | २००००० | १३०००० | ७०००० | २००००० | | | | | |
| ३ | सिचाइ | डुडखोला बाँध,म्याग्दे २ | २००००० | | | २००००० | १३०००० | ७०००० | २००००० | | | | | |
| ४ | भवन | राधा मा वि संरचना निर्माण, म्याग्दे २ | ७००००० | | | ७००००० | ४९०००० | २१०००० | ७००००० | | | | | |
| ५ | सडक | थान्सीङ्ग कृषि समूह मोटर मार्ग, म्याग्दे २ | ३००००० | | | ३००००० | १५०००० | १५०००० | ३००००० | | | | | |
| ६ | सिचाइ | सेरा बाँध निर्माण, म्याग्दे २ | २००००० | | | २००००० | १३०००० | ७०००० | २००००० | | | | | |
| ७ | सिचाइ | दौपाखा सिचाइ निर्माण, म्याग्दे २ | ३००००० | | | ३००००० | १९५००० | १०५००० | ३००००० | | | | | |
| ८ | सिचाइ | कल्से खेत सिचाइ तथा संरक्षण, म्याग्दे २ | २००००० | | | २००००० | १३०००० | ७०००० | २००००० | | | | | |
| | वडा नं.२ कुल जम्मा रकम | | २६००००० | ० | ० | २६००००० | १६५५००० | ९४५००० | २६००००० | | | | | |
| १ | खानेपानी | अधिकारीथोक थर्पे सिमलटार खानेपानी डिप बोरिङ्ग निर्माण, म्याग्दे ३ | २६००००० | | | २६००००० | १८२०००० | ७८०००० | २६००००० | | | | | |
| २ | खानेपानी | सिधुरे खानेपानी योजना, म्याग्दे ३ तिल्सपटार | २००००० | | | २००००० | १४०००० | ६०००० | २००००० | | | | | |
| | वडा नं.३ कुल जम्मा रकम | | २८००००० | ० | ० | २८००००० | १९६०००० | ८४०००० | २८००००० | | | | | |
| १ | पूर्वाधार | आँटाङ्गदी चौतारो निर्माण, म्याग्दे ४ | २००००० | | | २००००० | १००००० | १००००० | २००००० | | | | | |
| २ | कृषि | लाङ्गघाली कृषि तथा पशु फर्ममा बगर खार निर्माण ,म्याग्दे ४ | ३००००० | | | ३००००० | १८०००० | १२०००० | ३००००० | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | खानेपानी | थपं खानेपानी पाइप विस्तार, म्याग्दे ४ | ४00000 | | | ४00000 | २८0000 | १२0000 | ६00000 | | | | | |
| ४ | खानेपानी | मनहरी पिपलटार खानेपानी चेम्बर निर्माण, म्याग्दे ४ | २00000 | | | २00000 | १४0000 | ६0000 | २00000 | | | | | |
| ५ | सडक | घुम्ती मालिङ्ग मोटर मार्ग, म्याग्दे ४ | ५00000 | | | ५00000 | २५0000 | २५0000 | ५00000 | | | | | |
| ६ | भवन | श्री मीन मा वि बाल उद्यान, म्याग्दे ४ | ५00000 | | | ५00000 | ३५0000 | १५0000 | [illegible]00000 | | | | | |
| | कुल जम्मा रकम वडा नं ४ | | २१00000 | ० | ० | २१00000 | १३00000 | ८00000 | २१00000 | | | | | |
| १ | सडक | क्वादीटार मोटर मार्ग, म्याग्दे ५ | २000000 | | | २000000 | १000000 | १000000 | २000000 | | | | | |
| | कुल जम्मा रकम वडा नं ५ | | २000000 | ० | ० | २000000 | १000000 | १000000 | २000000 | | | | | |
| १ | सडक | संगफाट केउराङ्ग क्षेत्र भन्ज्याङ्ग मोटर मार्ग, म्याग्दे ६ | २000000 | | | २000000 | १000000 | १000000 | २000000 | | | | | |
| २ | भवन | मनपाङ सामुदायिक होमस्टे, म्याग्दे ६ | १000000 | | | १000000 | ५00000 | ५00000 | १000000 | | | | | |
| | कुल जम्मा रकम वडा नं ६ | | ३000000 | ० | ० | ३000000 | १५00000 | १५00000 | ३000000 | | | | | |
| १ | सिचाइ | लामे बाध निर्माण, म्याग्दे ७ | ५00000 | | | ५00000 | ३२५000 | १७५000 | ५00000 | | | | | |
| २ | विद्युत | कसण्डे मोटर मार्गमा विद्युत लाईन विस्तार, म्याग्दे ७ | २00000 | | | २00000 | १४0000 | ६0000 | २00000 | | | | | |
| ३ | विद्युत | सगम टोलमा विद्युत उपकरण जडान, म्याग्दे ७ | २00000 | | | २00000 | १४0000 | ६0000 | २00000 | | | | | |
| ४ | विद्युत | मार्सीलाङ्ग टोलमा सडक बत्ती व्यवस्थापन, म्याग्दे ७ | २00000 | | | २00000 | १४0000 | ६0000 | २00000 | | | | | |
| ५ | सडक | बेलस्याती नया सडक निर्माण | १६00000 | | | १६00000 | ८00000 | ८00000 | १६00000 | | | | | |
| २८ | कुल जम्मा रकम वडा नं ७ | जम्मा : | ११00000 | ० | ० | ११00000 | १५४५000 | ११५५000 | २७00000 | | | | | |
| | | | १४८00000 | ० | ० | १४८00000 | ९६१0000 | ६७१0000 | १६४00000 | | | | | |

Scanned with CamScanner

## (ख) लालपुर्जा माग गर्नेगरी छनौट भएका भवन तर्फका योजनाको विवरण ।

| क्र.सं. | वडा नं. | आयोजाको नाम र आयोजनाको स्थल (वडा नं. र टोल) |
|---|---|---|
| १ | वडा नं.१ | दभुङ्गवेशी नेवा गुठी भवन निर्माण, म्याग्दे १ |
| २ | वडा नं.१ | सयपत्री आमा समूह भवन, म्याग्दे १ दिवु |
| ३ | वडा नं.२ | भिरपानी सामुदायिक भवन निर्माण,म्याग्दे २ |
| ४ | वडा नं.२ | ज्यान्दयाङ्ग पधेरी खोला सामुदायिक भवन निर्माण, म्याग्दे २ |
| ५ | वडा नं.४ | अमरदिप आमा समूह भवन निर्माण, म्याग्दे ४ |
| ६ | वडा नं.४ | पार्वती मन्दिर निर्माण, म्याग्दे ४ |
| ७ | वडा नं.४ | गहिरा भयर मन्दिर, म्याग्दे ४ |
| ८ | वडा नं.४ | लङ्देश्वांग सामुदायिधक भवन निर्माण, म्याग्दे ४ |
| ९ | वडा नं.४ | तलेजु भवानी मन्दिरमा शौचालय तथा ट्रस निर्माण, म्याग्दे ४ |
| १० | वडा नं.४ | श्री शिद्धेश्वर शिव पार्वती मन्दिरमा ट्रस कम्पाउण्ड निर्माण, म्याग्दे ४ |
| ११ | वडा नं.४ | डुम्रीखोला क्रियापुत्री भवन निर्माण, म्याग्दे ४ |
| १२ | वडा नं.४ | ठाँटीटार प्रतिभा टोल सामुदायिक भवनमा कम्पाउण्ड निर्माण, म्याग्दे ४ |
| १३ | वडा नं.४ | श्री थर्पु गुरुङ्ग समाज भवन, म्याग्दे ४ |
| १४ | वडा नं.५ | वौलाह ओडार सामुदायिक भवन, म्याग्दे ५ |
| १५ | वडा नं. ६ | अकला मन्दिर संरक्षण समितिको भवन निर्माण, म्याग्दे ६ |
| १६ | वडा नं.६ | नवशान्ति आमा समुह(सर्वलाङ्ग) भवन निर्माण ,म्याग्दे ६ |
| १७ | वडा नं.६ | इन्द्र धनुष युवा क्लवको भवन निर्माण ,म्याग्दे ६ |
| १८ | वडा नं.६ | अकला सिकाइ केन्द्र भवनको ट्रस निर्माण, म्याग्दे ६ |
| १९ | वडा नं.६ | भण्डारी कुलायन मन्दिर टेण्ट, शौचालय खानेपानी निर्माण, म्याग्दे ६ |
| २० | वडा नं.६ | नवशान्ति आमा समुह(सर्वलाङ्ग) भवन निर्माण ,म्याग्दे ६ (गत आ.व.को) |
| २१ | वडा नं.६ | इन्द्र धनुष युवा क्लवको भवन निर्माण ,म्याग्दे ६(गत आ.व.को) |
| २२ | वडा नं.६ | तिनसाले सामुदायिक भवन (गत आ.व.को) |
| २३ | वडा नं.६ | ढोके समाज भवन, म्याग्दे ६ |
| २४ | वडा नं.७ | जनचेतना आमा समूह वहुउद्देश्य भवन, म्याग्दे ७ |

Scanned with CamScanner

**निर्णय न. १६६/२०८१।०८२– ०४,**

चालु आर्थिक वर्ष ०८१।०८२ मा परामर्श सेवा सम्झौता अनुसार सेती नदी र अन्य खोला तथा नदीको आइ ई इ गर्ने गरी भएको सम्झौता अनुसार तपशिल बमोजिमका परामर्शदाताले पेश गरेको प्रारम्भीक चरणको आइ ई इ प्रतिवेदन छलफल तथा दिइएका सुझाव लाइ समेटी अन्तीम प्रतिवेदन पेश गर्ने गरी स्वीकृत गर्ने साथै अन्तिम प्रतिवेदन प्राप्त सगै सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न | परामर्शदाताको विवरण | नदी तथा खोलाको विवरण | कैफिएत |
|---|---|---|---|
| ०१ | घासीकन्सल्टेन्सी प्रा.लि. | सेती नदीका १५ वटा घाटहरु | |

**निर्णय न. १६६/२०८१।०८२– ०५,**

मिति २०८१।०७।२५ मा वसेको स्थानीय राजश्व परामर्श समितिको वैठकका सबै ६ वटा निर्णयहरु जानकारी भयो । राजश्व परामर्श समितिका निर्णय तथा सिफारिस बमोजिमका विषयहरु कार्यन्वियन गर्ने निर्णय गरियो ।

**निर्णय न. १६६/२०८१।०८२– ०६,**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१।०६।१८ देखी २०८१।०७।२५ सम्म जारी भएका विभिन्न परिपत्र तथा सुझाव कार्यन्वयन निर्देशन र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न परिपत्र तथा सुझाव कार्यान्वयन निर्देशन अनुसार को व्यहोरा अवगत भयो । दुवै निकायको पत्र अनुसार गाउँपालिका र विषयगत शाखा, समिति र वडा कार्यालय बाट सोही निर्देशन अनुसार काम कारवाही सम्पादन गर्नको लागी निर्देशन तथा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय न. १६६/२०८१।०८२– ०७,**

म्याग्दे गाउँपालिकाको गाउँसभाको १७ औ अधिवेशन ( हिउँदे अधिवेशन ) यही मिति २०८१।०९।०८ गते सोमवार सम्पन्न गर्ने । सो को लागी आवश्यक विधेयक, तथा वजेट तथा कार्यक्रम शशोधनको लागी विषयगत समिति, विद्यायन समिति , वडा र विषयगत शाखा लाइ निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय न. १६६/२०८१।०८२– ०८,**

आर्थिक वर्ष २०८०।०८१ मा सम्पादन भएका विकाश निर्माण लगाएतका विषयगत क्षेत्रका कामहरुको वार्षिक सामाजिक परिक्षण अन्तंगत परामर्शदाता कम्पनी श्री गैह्रसरकारी संस्था समन्वय समिति तनहुँ सग भएको सम्झौता अनुसार परामर्शदातावाट आजै पेश भएको फिल्ड अध्यन प्रतिवेदन सहित तयार भएको प्रारम्भीक प्रतिवेदनमा छलफल तथा सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. १६६/२०८१।०८२– ०९,**

निर्णय न. ४ वमोजिम स्वीकृत भएको सेतीनदीका १५ वटा घाटको आई ई ई प्रतिवेदन अनुसारको quantity , लाई प्रदेश आर्थिक ऐन २०८१ मा भएको दररेट लाई न्युनतम मुल्य कायमगरी सेतीनदीको हकमा स्वीकृत कार्यविधि र आई ई ई मा उल्लेख भए वमोजिम ठेक्का सम्झौताको अन्तीम समय २०८२ जेष्ठ महिनामा मात्र आवश्यक्ता अनुसार मेशिन प्रयोग गर्न दिने गरी तपशिल वमोजिमका घाटहरुको आन्तरीक आय ठेक्का सूचना प्रकाशन गर्ने । साथै अन्य खोला तथा खोल्साको हकमा आवश्यक्ता र उत्खनन् हुने सामाग्री लाई अध्यन गरी पछि निर्णय गर्ने निर्णय गरियो ।

## तपशिल

| सि.नं | सूचना नं./बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन मिटर) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|
| १ | MRM-०८-२०८१/०८२ | फुलवारी थाइदी घाट, म्याग्दे-५ | ६२५४.०० | रु.१९८८१४६.६(उन्नाईस लाख अठासी हजार एक सय छयालिस रुपैया साठी पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| २ | MRM-०९-२०८१/०८२ | मजुवाटार घाट, म्याग्दे-५ | २२०९.०० | रु. ७०२२४१.१०(सात लाख दुई हजार दुई सय एकचालिस रुपैया दस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ३ | MRM-१०-२०८१/०८२ | झर्कास फुलवारी माथिल्लो घाट, म्याग्दे-५ | ७५८७.०० | रु. २४११९०७.३० (चौवीस लाख एघार हजार नौ सय सात रुपैया तीस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | MRM-११-२०८१/०८२ | झकास फुलबारी तल्लो घाट, म्याग्दे-५ | १६३९.०० | रु.५२१०३८.१० (पाँच लाख एकाईस हजार अट्तिस रुपैया दस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ५ | MRM-१२-२०८१/०८२ | सौंघु पुलमुनि घाट, म्याग्दे-५ | २२२८.०० | रु. ७०८२८१.२० (सात लाख आठ हजार दुई सय एकासी रुपैया बिस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ६ | MRM-१३-२०८१/०८२ | चोक्टेटार माथिल्लो घाट, म्याग्दे-४ | २६२४.०० | रु.८३४१६९.६० (आठ लाख चौतिस हजार एक सय उन्नानसत्तरी रुपैया साठी पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ७ | MRM-१४-२०८१/०८२ | चोक्टेटार तल्लो घाट, म्याग्दे-४ | १०६११.०० | रु. ३३७३२३६.९० (तेत्तिस लाख त्रिहत्तर हजार दुई सय छत्तिस रुपैया नब्बे पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ८ | MRM-१५-२०८१/०८२ | कुडुले घाट, म्याग्दे-४ | २३०५७.०० | रु.७३२९८२०.३० (त्रिहत्तर लाख उन्नानतिस हजार आठ सय बिस रुपैया तिस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ९ | MRM-१६-२०८१/०८२ | भावर घाट, म्याग्दे-५ | ३४६२.०० | रु.११००५६९.८० (एघार लाख पाँच सय उन्नानसत्तरी रुपैया असी पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| १० | MRM-१७-२०८१/०८२ | तुनिबोट घाट, म्याग्दे-२ | ५९४० | रु.१८८८३२६.००(अठार लाख अठासी हजार तीन सय छब्विस रुपैया मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ११ | MRM-१८-२०८१/०८२ | जिमकोट घाट, म्याग्दे-४ | ६९५९ | रु.२२१२२६६.१(बाईस लाख बाह हजार दुई सय छैसट्ठी रुपैया दस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| १२ | MRM-१९-२०८१/०८२ | भडगालो घाट म्याग्दे-२ | ५२०४ | रु.१६५४३५१.६०(सोह लाख चौवन्न हजार तिन सय एकाउन्न रुपैया साठी पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| १३ | MRM-२०-२०८१/०८२ | जिमकोट तल्लो घाट, म्याग्दे-४ | ४९९४ | रु.१५८७५९२.६० (पन्ध्र लाख सतासि हजार पाँच सय बयानब्बे रुपैया साठी पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| १४ | MRM-२१-२०८१/०८२ | घुमाउने घाट, म्याग्दे-४ | १२८१९ | रु. ४०७५१६०.१० (चालिस लाख पचहत्तर हजार एक सय साठी रुपैया दस पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| १५ | MRM-२२-२०८१/०८२ | झिरलौदी घाट, म्याग्दे-३ | ८०९३ | रु.२५७२७६४.७० (पच्चिस लाख बहत्तर हजार सात सय चौसट्ठी रुपैया सत्तरी पैसा मात्र) | कबोल अङ्कको ५ प्रतिशत | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |

Scanned with CamScanner

**निर्णय न. १६६/२०८१।०८२– १०,**

मिति २०८१।०५।२४ को निर्णय न. ८ समेत र हाल निर्माण अन्तिम चरणमा रहेको अवस्था समेत लाइ मध्येनजर गरी १० शैयाको थर्पु अस्पताल तपशिल बमोजिम उद्घाटन सगै सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**तपशिल**

| **सि.न.** | **निर्मित संरचनाको विवरण** | **उद्घाटन गर्ने व्यक्तीत्व** | **उद्घाटन मिति** |
|---|---|---|---|
| ०१ | थर्पु अस्पताल | माननीय स्वास्थ्य मन्त्री प्रदिप पौडेल ज्यू वाट | २०८१ मंशिर २९ गते माननीय ज्यु को समय उपयुक्त रहेको छ । |

**निर्णय न. १६६/२०८१।०८२– ११**

म्याग्दे गाउँपालिकामा हाल रहेका सवारी साधन मध्ये ५१४ पटक पटक बिग्रेर उच्च मर्मत खर्च भार तथा अनुगमन लगाएतको सरकारी काममा पटक पटक भाडामा सवारी लिनुपरेको अवस्था समेत र ६९३७ समेत बिग्री रहने अवस्था/ ३१२ पनी मर्मत को निरन्तरता रहेको अवस्था समेत लाई मध्येनजर गरी स्वीकृत वजेटको परिधि भित्र रही १ थान सवारी साधन खरिद गर्ने निर्णय गरियो ।

**निर्णय न. १६६/२०८१।०८२– १२,**

चालु आर्थिक वर्ष ०८१।०८२ मा ठेक्का नलागे सगै अमानत वाट निकाशी कर संकलन प्रयोजनको लागी हाल नगर प्रहरी परिचालन गरिएकोमा अब नदीजन्य घाट ठेक्का लगाए पश्चात नगर प्रहरीको कार्यचाप दैनिक अनुगमनको लागी बढ्ने भएको हुदा वडा न. १ गुणादी को लागी १ जना र वडा न ५ भिमाद पुलमा राख्ने १ जना गरी, जम्मा २ जना स्थानीय व्यक्ती दैनिक ज्यालादारी करार गर्ने गरी करार विज्ञापन सूचना प्रकाशन गर्ने । उमेदवार छनौट परिक्षा अन्तर्वार्ता को माध्यम वाट गर्ने निर्णय गरियो ।

**निर्णय न. १६६/२०८१।०८२– १३,**

Scanned with CamScanner